# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) झापा, १ नं प्रदेश, नेपाल, श्रावण १ गते २०७९ साल ( संख्या ६

## भाग १

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँपालिकाको एघारौ गाउँ सभाले वनाएको तल लेखिए वमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ६

# हल्दीबारी गाउँपालिका

## स्थानीय तह कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७८

हल्दीबारी गाउँपालिकाको स्थानीय तहको सेवा व्यवस्थापनलाई सक्षम, सुदृढ, प्रभावकारी, सेवामूलक र उत्तरदायी बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची (८) को बुदा नं. (५) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा (११) (ङ) मा उल्लेखित कार्यसम्पादनको लागि जनशक्तिको प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्न संविधानको धारा (२२६) को उपधारा (१) को अधिकार प्रयोग गरी हल्दीबारी गाउँपालिकाको गाउँसभाले मति २०७८/१०/२६ यो ऐन स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम **" हल्दीबारी गाउँपालिका**को **स्थानीय तह कर्मचारी व्यवस्थापन ऐन २०७८"** रहेको छ ।

(२) यो ऐन **हल्दीबारी गाउँपालिका**को गाउँसभाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालनऐन, २०७४ लाई संझनु पर्दछ ।

(ख) "यस ऐन" भन्नाले स्थानीय तह कर्मचारी व्यवस्थापन ऐन २०७८ लाई सम्झनु पर्दछ ।

(ग) "**गाउँपालिका**" भन्नाले **हल्दीबारी गाउँपालिका**लाई सम्झनुपर्दछ।

(घ) "कार्यालय" भन्नाले **हल्दीबारी गाउँपालिका** कार्यालयलाई सम्झनुपर्दछ।

(ङ) "**अध्यक्ष**" भन्नाले **हल्दीवारी गाँउ**पालिकाको **अध्यक्ष**लाई सम्झनुपर्दछ।

(च) "कर्मचारी" भन्नाले साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, करार, ज्यालादारीमा कार्यरत कर्मचारी तथा नेपालको संविधानको धारा ३०२ को उपधारा २ बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सरकारी सेवा र अन्य सेवावाट **हल्दीबारी गाउँपालिका**मा समायोजन भई आउने कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "स्थायी पद" भन्नाले हल्दीबारी गाउँपालिकाको गाँउसभावाट स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ द्वारा स्वीकृत दरवन्दीका पदलाई सम्झनु पर्दछ।

(ज) "परिवार" भन्नाले स्थानीय सेवाका कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, बाजे, बज्यै, सासु, ससुरालाई सम्झनु पर्दछ ।

(झ) “भत्ता” भन्नाले **हल्दीबारी गाउँपालिका**ले समय समयमा तोकिदिए बमोजिमको भत्ता सम्झनु पर्दछ ।

(ञ) “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

(ट) “कार्यपालिका” भन्नाले स्थानीय सरकार संचालन ऐन२०७४ बमोजिम गठन हुने **हल्दीबारी गाउँपालिका**को नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ठ) “गाँउसभा” भन्नाले **हल्दीबारी गाउँपालिका**को गाँउ सभालाई सम्झनु पर्दछ।

(ड) “मन्त्रालय” भन्नाले नेपाल सरकार र प्रदेश सरकारका समेत सम्वन्धित मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ढ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गाँउपालिका को प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ण) “तोकिएको” वा तोकिए बमोजिम” भन्नाले **गाउँपालिका**को कार्यपालिकाले यस ऐन बमोजिम बनाएको नियमावली, कार्यविधि, निर्देशिका एवं समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(थ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकको कुनै शर्त राखी वा नराखी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरि उपलब्ध गराएको डाईभरसिटी ईमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पिआर) वा ग्रीन कार्ड संझनु पर्छ र सो शब्दले विदेशमा स्थायी रुपमा बसोबास गर्न दिएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउनेछ।

(द) “स्थानीय सेवा किताबखाना” भन्नाले प्रदेश कानून बमोजिम स्थापना हुने स्थानीय सेवाका कर्मचारीहरुको अभिलेख राख्ने निकाय सम्झनु पर्छ ।

(ध) “स्थानीय सेवा” भन्नाले यस ऐनको दफा ४ बमोजिम गठित स्थानीय सेवासम्झनु पर्छ ।

(प) “स्थानीय तह कर्मचारी ट्रेड यूनियन” भन्नाले यस ऐनको दफा १०३ बमोजिम गठन भएको स्थानीय तह कर्मचारीको ट्रेड यूनियन सम्झनु पर्छ ।

३. **ऐनको व्याख्याः**(१)कुनै अधिकारीले यस ऐनको कुनै दफा प्रयोग गर्दा गरेको व्याख्याबाट कुनै व्यक्ति वा कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा गाउँ कार्यपालिका ले गरेको व्याख्या अन्तिम हुनेछ ।

## परिच्छेद -२

## स्थानीय सेवा, समूह,पद र तह विभाजन

**४. स्थानीय सेवाको गठनः** (१) गाउँपालिकाले स्थानीय सेवामा देहाय बमोजिमका सेवाहरु गठन गर्नेछ ।

| सि.नं. | सेवा | समुह |
|---|---|---|
| १ | प्रशासन सेवा | प्रशासन, आर्थिक प्रशासन, राजस्व, लेखा परिक्षण |
| २ | प्राविधिक सेवा | ईन्जिनियरिङ्ग, सूचना प्रविधि |
| ३ | स्वास्थ्य सेवा | चिकित्सक, हे.अ., नर्स, अहेव, अनमी, फार्मेसी, ल्याब टेक्निसियन, वैध |
| ४ | कृषि तथा वन सेवा | कृषि, पशु, वन |
| ५ | शिक्षा सेवा | शिक्षा प्रशासन, शिक्षक |
| ६ | विविध सेवा | कम्प्युटर अपरेटर, महिला तथा बालबालिकाका कर्मचारी, सवारी चालक, र अन्य नखुलेको |

(२) गाउँपालिकाले स्थानीय सेवाको गठन स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ बमोजिम गरिने संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँसभाले संशोधन र परिमार्जन गर्न सक्नेछ।

(३) स्थानीय सेवाको गठन सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनले तोके बमोजिम हुनेछ ।

**५. गाउँपालिकामा रहने कर्मचारीको तह, स्तर र समूहः** (१) गाउँपालिकामा रहने तह,स्तर र समुहहरुको निर्धारण स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम गरिने संगठन व्यवस्थापन सर्वेक्षणका आधारमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको संरचनाहरु गाउँसभाले पारित गरेपछि लागु हुनेछ ।

(३) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण तोक्नेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिएको हुनेछ ।

(४) यो ऐन लागु भएको एक महिना भित्र प्रत्येक कर्मचारीलाई कार्य विवरण उपलब्ध गराउनु पर्नेछ ।

(५) गाउँपालिकाले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले मातहतका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

(६) गाउँपालिकामा देहाय बमोजिमको पद र तह रहनेछः

| सि.नं. | अधिकृतस्तर पद/तह | सहायकस्तर पद/तह |
|---|---|---|
| १ | अधिकृतस्तर छैठौ | सहायकस्तर तेश्रो |
| २ | अधिकृतस्तर सातौ | सहायकस्तर चौथो |
| ३ | अधिकृतस्तर आठौ | सहायकस्तर पाचौ |
| ४ | अधिकृतस्तर नवौ | |
| ५ | अधिकृतस्तर दशौ | |

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहायकस्तर तेश्रो तहमा कुनै कर्मचारी नरहेमा सो पद स्वतः खारेज हुनेछ ।

## परिच्छेद-३
## पदपूर्ति सम्बन्धी व्यवस्था

६. **स्थायी पद श्रृजना तथा दरवन्दी खारेजः** (१) गाउँपालिकामा रहने विभिन्न तहका दरबन्दीहरुको श्रृजना तथा खारेजी गाउँ सभाले संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरवन्दी श्रृजनाका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी स्थानीय सरकार सञ्चालनऐनको दफा ८३ बमोजिम गाउँसभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरिने विवरणमा थप दरवन्दी श्रृजना गर्दा गाउँपालिकालाई पर्ने आर्थिक दायित्वस्पष्ट गरिएको हुनुपर्नेछ ।

(५) दरबन्दी श्रृजना गर्दा गाउँपालिका अन्तर्गत रहने शाखा र उपशाखाहरु तथा पदको अनुपात विवरण गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) दरबन्दी श्रृजना गर्दा संगठन संरचनाको पदको अनुपात मिलाएर मात्र श्रृजना गर्नु पर्नेछ ।

(७) दरबन्दी पुनरावलोकन र व्यवस्थापनको लागि कम्तिमा ५ वर्षमा एक पटक संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।

७. **स्थानीय सेवाको पदपुर्तिः** (१) गाउँपालिकामा रिक्त रहेको स्थायी पदपूर्ति सम्बन्धी व्यवस्था प्रादेशिक कानूनले तोके बमोजिम हुनेछ ।

(२) नगरसभाद्वारा स्वीकृत दरबन्दीको स्थायी पदमा मात्र गाउँपालिकाबाट पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पदपूर्ति गरि प्रदेश लोकसेवा आयोगले सिफारिश गरेको उम्मेदवारलाई मात्र प्रमुख प्रशासकिय अधिकृतले नियुक्ती दिई कामकाजमा खटाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्ति भएको कर्मचारीलाई १ वर्षको परीक्षणकालमा राखी नियुक्ति दिइनेछ । तर महिला कर्मचारीको हकमा भने त्यस्तो परीक्षण कालको अवधि ६ महिनाको मात्र हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि १ वर्ष भन्दा लामो समयदेखि नगरको सेवामा कार्यरत रहि स्थायी भएको कर्मचारीको हकमा परीक्षणकाल लागु हूने छैन ।

(६) परीक्षणकालमा रहेको कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्त गर्ने अधिकारीले परिक्षणकाल समाप्त हुनु अगावै प्रदेश लोक सेवा आयोगको प्रकृया पूरा गरि सेवाबाट हटाउन सक्नेछ ।

(७) सेवा प्रवेश सम्बन्धी योग्यता र तह सम्बन्धी व्यवस्था प्रदेश लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

८. **करार सेवामा नियुक्तीः** (१) स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ को उपदफा (७) र (८) बमोजिम कार्यविधि बनाइ सेवा करारमा कर्मचारी नियुक्त गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सेवामा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा प्रचलित श्रम ऐन र नियमावली तथा प्रचलित सामाजिक सुरक्षा ऐन र नियमावली बमोजिम हुनेछ ।

(४) यो ऐन लागू हुनु पूर्व नियूक्त गरिएका सेवा करारका कर्मचारी यसै ऐन बमोजिम नियूक्त भएको मानिनेछ ।

## परिच्छेद -४

## बढुवा तथा तह समायोजन

९. **बढुवाः** (१) गाउँपालिकाको सेवा भित्रको पदमा कार्यरत स्थानीय तहका कर्मचारीहरुको प्रदेश लोक सेवा आयोग गठन भई कार्यसम्पादन नभएसम्म गाउँ कार्यपालिकाद्वारा बढुवा समिति गठन गरि गर्न सक्नेछ।

(२)उपदफा १ बमोजिम गठित बढुवा समितिले आवश्यक प्रक्रिया अपनाई गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

१०. **बढुवाको लागि उम्मेद्वार हुन चाहिने न्युनतम सेवा अवधि र शैक्षिक योग्यताः** (१) बढुवाको निमित्त उम्मेद्वार हुन बढुवा हुने बढुवा हुने पदको तह भन्दा एक तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमका न्युनतम सेवा अवधि पुगेको हुनु पर्नेछः

(क) अधिकृतस्तरको पदको निमित्त पाँच वर्ष ।

(ख) सहायकस्तर पदको निमित्त पाँच वर्ष ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि महिला, आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोवास गरेका कर्मचारीहरुको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुनेछन् ।

(३) अस्थायी कर्मचारीहरु सोही पदमा वा गाउँपालिकाको नयाँ संगठन संरचनाको समान तहको पदमा स्थायी भएको अवस्थामा निजले कार्य गरेको अस्थायी अवधिलाई अधिकृतस्तर भए ६६ प्रतिशत र सहायकस्तर भए ७५ प्रतिशत सेवा अवधि बढुवा प्रयोजनकोलागि स्थायी अवधि सरह गणना गरिनेछ ।

(४) संघीय सरकारले गर्ने कर्मचारी समायोजनको आधारमा गाउँपालिकामा कार्यरत स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको साविक शाखा, उपशाखाहरुमा जिम्मेवारी बमोजिम तह मिलान गरिनेछ ।

२. **कार्य क्षमताको आधारमा हुने बढुवाको आधारः**(१) प्रदेश लोक सेवा आयोगले बढुवाको लागि निर्धारण गरेको पदको लागी गाउँपालिकाका कर्मचारीलाई कार्यक्षमता वापत पाएको अंकको आधारमा बढुवाको लागि सिफारिश गर्नेछ ।

(२) कर्मचारीको कार्यक्षमताको मुल्यांकन गर्दा देहायबमोजिम बढीमा १०० अंक दिइनेछः

(क) कार्य सम्पादन मूल्याङ्कन बापत - चालीस अंक

(ख) ज्येष्ठता बापत - तीस अंक

(ग) शैक्षिक योग्यता बापत - बाह्र अंक

(घ) भौगोलिक क्षेत्रमा काम गरे वापत - सोह्र अंक

(ङ) सेवाकालिन तालिम बापत (३० दिन भन्दा बढी) - दुई अंक

(३) सम्भाव्य उम्मेद्वारको कार्यसम्पादन मूल्याङ्कनबापत अंक गणना गर्दा आषाढ मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अंक गणना गरिनेछ ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिम छुट्याइएको अंकलाई देहाय बमोजम विभाजन गरिएको छः

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम अंक - पच्चीस अंक

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम अंक - दश अंक

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम अंक - पाँच अंक

(५) उपदफा (२) को खण्ड (ख) बमोजिम छुट्याइएको अंकलाई जेष्ठता वापत प्रतिवर्ष ३ अंकको दरले हाल वहाल रहेको तहमा काम गरेको अनुभवको अंक प्रदान गरिनेछ । यसरी अंक प्रदान गर्दा एक वर्ष भन्दा कम अवधिको लागि दामासाहिको हिसावले अंकप्रदान गरिनेछ । असाधारण तथा बेतलवी विदामा वसेको अवधिको अंक प्रदान गरिने छैन ।

(६) शैक्षिक योग्यता बापत अंक संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) उपदफा (२) को खण्ड (घ) बमोजिम छुट्याइएको अंकलाई भौगोलिक क्षेत्रमा काम गरेवापतको प्रतिवर्ष ४ अंकका दरले हाल वहाल रहेको तहमा काम गरेको अनुभवको अंक प्रदान गरिनेछ ।

१३. **कार्यसम्पादन मूल्यांकनको आधारमा बढुवाः** (१) गाउँपालिकाका कर्मचारीको कार्यसम्पादनको मूल्यांकन दफा १२ बमोजिम हिसाब गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीलाई सबै भन्दा पहिले बढुवा गरिनेछ ।

तर, कार्यसम्पादन मूल्यांकन गर्दा समान अंक प्राप्त गर्ने गाउँपालिकाका कर्मचारीको हकमा जेष्ठताको आधारमा बढुवा गरिनेछ र त्यस्ता कर्मचारीको जेष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिनेछः

(क) हाल वहाल रहेको तहको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा ।

(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा सो भन्दा एक तह मुनिको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनैपनि आधारबाट जेष्ठता नछुट्टिएमा प्रदेश लोकसेवा आयोगको सिफारिशको योग्यताक्रमको आधारमा गरिनेछ । तर लोकसेवा आयोग वा तत्कालिन पदपुर्ति समितिबाट खुल्ला प्रतियोगिता र बढुवा प्रतियोगिताको एकै मितिमा सिफारिश भएको रहेछ भने खुल्ला प्रतियोगिताबाट सिफारिश भएको कर्मचारीको जेष्ठता कायम गरिनेछ ।

(घ) यस सम्बन्धि कुनै द्विविधा भए नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१४. **कार्यसम्पादनको मूल्यांकनः**(१) गाउँपालिकाका कर्मचारीको कार्यसम्पादनको मूल्यांकनको लागि प्रयोग गरिने कार्यसम्पादन मूल्यांकन फाराम प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) गाउँपालिकाका कर्मचारीहरुको कार्यसम्पादनको मूल्यांकन संघ तथा प्रदेश कानूनमा व्यवस्था भए अनुसार हुनेछ ।

**१५. बढुवाको लागि सूचनाः**(१) बढुवा सम्बन्धी कारवाही प्रारम्भ गर्नु अघि प्रदेश लोकसेवा आयोगले गरेको व्यवस्था बमोजिम बढुवा हुने पद, सेवा, समूह, उपसमूह, पदसंख्या र अन्य आवश्यक देखिएका कुराहरु खुलाई सम्बन्धित सबैको जानकारीको लागि स्थानीय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

**१६. बढुवाको लागि दरखास्तः** (१) दफा १५ बमोजिम सूचना प्रकाशित भएपछि उक्त सूचनामा तोकिएको म्याद भित्र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने कर्मचारीले दरखास्त फाराम पेश गर्नुपर्नेछ । तोकिएको म्याद भित्र फाराम पेश नगरेमा बढुवामा समावेश हुने छैन ।

(२) बढुवाको लागि सम्भाव्य उमेदवार हुने कर्मचारीले पेश गर्नुपर्ने दरखास्त फारामको ढाँचा प्रदेश लोकसेवा आयोगले तोके बमोजिम हुनेछ ।

**१७. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउनेः**(१) देहायको अवधिभर कुनैपनि कर्मचारी बढुवाको लागि सम्भाव्य उमेदवार हुन पाउने छैनः

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ।

(ख) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर ।

(ग) तलब बृद्धि रोक्का भएकोमा सो बृद्धि रोक्का भएको अवधिभर ।

**१८. बढुवाको सिफारिशः**(१) बढुवाको लागि सम्भाव्य उम्मेदवारहरु मध्येबाट कार्य सम्पादन मूल्यांकन, शैक्षिक योग्यता तालिम, भौगोलिक क्षेत्रमा काम गरेवापत र जेष्ठता वापत प्राप्त गरेको अंकको आधारमा बढी अंक प्राप्त गर्ने कर्मचारीलाई प्रदेश लोकसेवा आयोगले योग्यताक्रम अनुसार बढुवाको लागि सिफारिश गर्नेछ ।बढुवा वापतको अंक बरावर हुन गएमा निम्न अनुसारको जेष्ठता क्रमलाई आधार मानी सिफारिश गर्नु पर्नेछः

(क) हाल वहाल रहेको तहको पदमा नियुक्ति वा वढुवा गर्दा निर्णय भएको मितिको आधारमा ।

(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा सो भन्दा १ तह मुनीको पदमा नियुक्ति वा वढुवा निर्णय भएको मितिको आधारमा ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै पनि आधारबाट जेष्ठता नछुट्टिएमा तत्कालको पदपुर्ति समितिको सिफारिसको योग्यता क्रमको आधारमा ।

**१९. बढुवा नामावली प्रकाशनः**(१) बढुवा समितिको सचिवालयले बढुवाको लागि सिफारिश गरेको कर्मचारीको नामावली सार्वजनिक रुपमा प्रकाशित गर्नेछ।नामावलीमा सबैभन्दा कम अंक प्राप्त गर्ने कर्मचारीको प्राप्तांक समेत उल्लेख गर्नु पर्नेछ ।

(२) बढुवाको नामावली प्रकाशन भएपछि कुनै उम्मेदवारले आफुले पाएको अंक हेर्न चाहेमा कार्यसम्पादन मूल्यांकन बाहेकको अन्य आधारहरुको अंक हेर्न दिनुपर्नेछ ।

२०. **बढुवाको उजुरी र पुनरावेदनः** (१) दफा १८ बमोजिम बढुवा सिफारिशमा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पैतीस दिन भित्र प्रदेश लोक सेवा आयोगमा पुनरावेदन गर्न सक्नेछ र त्यसरी परेको उजुरीमा उजुरी गर्ने म्याद नाघेको मितिले साठी दिनभित्र टुंगो लगाइनेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी टुंगो लागेपछि पहिले प्रकाशित बढुवा सिफारिश नामावलीमा संशोधन गर्नुपर्ने भएमा सोही अनुसारको सूचना पदपूर्ति समितिलाई दिनु पर्नेछ ।यस अनुसार सूचना प्राप्त भएपछि प्राप्त भएको मितिले बढीमा १५ दिन भित्र बढुवा समितिको सचिवालयले सोही अनुसारको संशोधित नामावली प्रकाशित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजुरी छानविन गर्दा जानी जानी त्रुटीपूर्ण मूल्याङ्कन गरेको देखिएमा प्रदेश लोकसेवा आयोगले मूल्याङ्कनकर्तालाई चेतावनी दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरीपछि हुने बढुवामा त्यस्तो उजुरिकर्ताको पहिलोपटकको उजुरी भए २ अंक र दोस्रोपटकको उजुरी भए ३ अंक काटिनेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम भएको कारबाहीको सुचना सम्बन्धित कर्मचारीलगायत बढुवा समितिको सचिवालय र सम्बन्धित कार्यरत रहेको कार्यायलमा पठाउनु पर्नेछ ।

(६) बढुवा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

२१. **बढुवाको मिति र नियुक्तिः**(१) दफा १९ बमोजिम बढुवा नामावली प्रकाशन भएपछि उक्त बढुवा सिफारिश माथि उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले ३६ औं दिनको मितिबाट बढुवा हुने तहको जेष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ ।

(२) बढुवा सिफारिश उपर दफा २०उपदफा(१) बमोजिम उजुरी परेमा देहाय अनुसार जेष्ठता मिति कायम गरी नियुक्ति दिनुपर्नेछ ।

(क) दफा १९ को उपदफा (२) बमोजिम प्रकाशित नामावली संशोधन भएमा संशोधित नामावली प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

(ख) उजुरी खारेज भएमा वा पहिलेकै बढुवा सिफारिश नै कायम भएमा उपदफा (१) अनुसार नै हुनेछ ।

२२. **बढुवा सम्वन्धि अन्य ब्यवस्थाः**(१)प्रदेश लोकसेवा आयोगले तोके बमोजिम हुनेछ ।

**२३. तह समायोजन** (१) साविक स्थानीय निकाय (गा.वि.स./ न.पा./ जि.वि.स.) मा स्थायी नियुक्ती पाई कर्मचारी समायोजन ऐन २०७५ वमोजिम यस गाउँपालिकामा समायोजन भएका हाल कार्यरत पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भएका कर्मचारीहरुलाई हाल कार्यरत तहमा ५ वर्ष सेवा अवधि पुरा गरेकालाई एक पटकका लागि एक तह वृद्धि गरी तह समायोजन गरिनेछ । हाल कार्यरत तहमा ५ वर्ष सेवा अवधि पुरा नगरेका कर्मचारीको हकमा खाईपाई आएको तलबमा २ ग्रेड थप गरी समायोजन गरिनेछ । त्यस्तो पद स्वत: दरवन्दी सृजना भएको मानिनेछ र साविकको दरवन्दी स्वत: खारेज हुनेछ ।

(२) गाउँपालिकामा स्थायी पदमा कार्यरत स्थानीय तहका कर्मचारीहरुको हकमा संघीय सरकारले गरेको सांगठनिक संरचना बमोजिम कायम गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताको आधारमा गाउँकार्यपालिकाको निर्णय बमोजिम देहाय वमोजिम तह समायोजन तथा ग्रेड (तलब बृद्धि) गरिनेछः

| हालको श्रेणी | सेवा अवधि र शैक्षिक योग्यता | समायोजन हुने तह | समायोजन हुदाँ कायम हुने ग्रेड |
|---|---|---|---|
| सहायस्तर चौथो | पाँच वर्ष भन्दा कम सेवा | सहायस्तर चौथो | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा | सहायस्तरपाचौ | - |
| सहायकस्तर पाचौ | पाँच वर्ष भन्दा कम सेवा | सहायस्तर पाचौ | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र सहायक स्तर पाँचौ तहमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको। | अधिकृतस्तरछैठौ | - |
| अधिकृतस्तर छैठौ | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृतस्तर छैठौ | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि | अधिकृतस्तर सातौ | - |
| अधिकृतस्तर सातौ | पाँच वर्ष भन्दा कम सेवा | अधिकृतस्तर सातौ | -खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा | अधिकृतस्तर आठौ | - |
| अधिकृतस्तर आठौ | पाँच वर्ष भन्दा कम सेवा | अधिकृतस्तर आठौ | -खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा | अधिकृतस्तर नबौ | - |
| अधिकृतस्तर नबौ | पाँच वर्ष भन्दा कम सेवा | अधिकृतस्तर नबौ | -खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा | अधिकृतस्तर दशौ | - |

(३) श्रेणी विहिन कर्मचारीको हकमा उपदफा (३) बमोजिम कै प्रक्रिया अबलम्बन गरि तह समायोजन गरिनेछ । यसरी तह समायोजन गर्दा पाँचौ स्तर भएको हकमा खाईपाई आएकोमा दुई ग्रेड थप गर्ने र त्यस्तो ग्रेड अधिकतम भन्दा बढी भएमा यसरी थपिएको ग्रेड समेत दिईनेछ ।

(४) यो ऐन पारित भएको मितिले ७ दिन भित्र तह समायोजनका लागि कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी सम्वन्धीत कर्मचारीबाट आवेदन माग गरिनेछ ।

(५) प्राप्त हुन आएका आवेदन उपर छानविन गरी दावी विरोधका लागि ७ दिने सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

(६) प्राप्त दरखास्त माथि छानविन र तह वृद्धिको सिफारिस गर्न देहाय अनुसारको एक समिति रहनेछ ।

क. प्रमुख प्रशासकिय अधिकृत

संयोजक

ख. प्रमुख प्रशासकिय अधिकृतले तोकेको जेष्ठतम उपल्लो स्तरको अधिकृत कर्मचारी एक जना

सदस्य

ग. प्रशासन शाखा प्रमुख सदस्य सचिव

(७) उप दफा १ वमोजिम तह समायोजन वृद्धिका लागि उप दफा (७) वमोजिमको सिफारिस अनुसार ७ दिन भित्र गाउँ कार्यपालिका वैठकमा निर्णय गरी प्रमुख प्रशासकिय अधिकृतले तह वृद्धि गरी तह समायोजनको पत्र दिनु पर्नेछ ।

२४. **बढुवा सम्बन्धित अन्य व्यवस्थाः** (१) बढुवा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनमा तोके बमोजिम हुनेछ ।

हल्दीबारी राजपत्र

परिच्छेद - ५

## विदा

२५. **विदाको किसिमः**(१)गाउँपालिका कर्मचारीहरुले देहायका विदाहरु तोकिए बमोजिम पाउनेछनः

**(क) सार्वजनिक विदाः** नेपाल अधिराज्यभरिका सरकारी कार्यालय विदा हुने भनी नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले तोकेको विदाको दिन गाउँपालिकाको कार्यालय बन्द हुनेछ र कर्मचारीले विदा पाउनेछन् ।

**(ख) भैपरी आउने विदाः**

(१) कर्मचारीले प्रत्येक महिनाको आधा दिनको दरले प्रत्येक वर्ष ६ दिन भैपरी आउने विदा पाउन सक्नेछन् ।

(२) भैपरी आउने विदा सञ्चय गरी अर्को वर्षमा लिन पाइने छैन ।

(३) भैपरी आउने विदा आधा दिनका हिसावले पनि लिन सकिनेछ ।

(४) भैपरी आउने विदामा बसेको कर्मचारीले पूरा तलव भत्ता पाउनेछ ।

(५) भैपरी आउने विदा साधरणतया १ पटकमा ३ दिनमा नवढाई लिन पाउनेछ ।

**(ग) पर्व विदाः**

(१) कर्मचारीले प्रत्येक वर्ष ६ दिन पर्व विदा पाउनेछ ।

(२) पर्व विदा अर्को वर्षको लागि संचित हुँनेछैन ।

(३) यो विदामा वस्ने कर्मचारीले पूरा तलब भत्ता पाउनेछन ।

**(घ) घर विदाः**

(१) कर्मचारीले काम गरेको अवधिको १२ दिनको १ दिनका दरले घर विदा पाउनेछ ।

(२) अध्ययन विदा र असाधारण विदामा बसेको कर्मचारीले घर विदा पाउने छैन ।

(ङ) सट्टा विदाः

(१) गाउँपालिकाका संचार, फोहमैला, नगरप्रहरी, वारुणयन्त्रर अन्य अत्यावश्यक कामको लागि सार्वजनिक बिदाको दिनमा खटाईएका कर्मचारीलाई गाउँपालिकाले सट्टा विदा दिन सक्नेछ ।

(२) विदाको दिन समेत अत्यावश्यक काम गरेको र सट्टा विदा नलिने कर्मचारीहरुलाई उक्त काम गरेको दिनको खाईपाइ आएको तलबको आधारमा तोकिए बमोजिम अतिरिक्त भत्ता उपलब्ध गराईनेछ ।

(३) अत्यावश्यक कामका कर्मचारीले हड्ताल, तालाबन्दी गर्न पाइने छैन ।

<u>**स्पष्टिकरणः**</u>घर विदा, पर्व विदा र भैपरि आउने विदाको प्रयोजनको लागि काम गरेको अवधि भन्नाले भैपरी आउने विदा, सट्टा विदा, विरामी विदा, प्रसुती विदा, क्रियाविदा र सार्वजनिक विदाको दिनलाई समेत जनाउने छ।

(४) घर विदा बढीमा १८० दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(५) कुनै कर्मचारी जुनसुकै व्यहोराले गाउँपालिकाको सेवाबाट अवकाश भएतापनि निजको संचित रहेजति घरविदा वापत निजले त्यसरी अवकाश पाउँदाको अवस्थामा खाईपाइ आएको तलवको हिसावले हुन आउने जति रकम एकमुष्ट पाउनेछ ।

(६) घर विदामा बस्ने कर्मचारीले निज संग सम्पर्क राख्न सकिने गरी आफ्नो ठेगानाको जानकारी दिनु पर्नेछ । घर विदामा बस्ने कर्मचारीलाई नगरको काममा चाहिएमा जुनसुकै वखत काममा बोलाउन सकन्नेछ ।

स्पष्टिकरणःयस उपदफाबमोजिम संचित घरविदा बापत पाउने तलबको गणना गर्ने प्रयोजनको लागि तीस दिनको एक महिना मानिनेछ । यो विदा **गाउँपालिका**को स्विकृत दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले पाउनेछ ।

**(च) विरामी विदाः**

(१) कर्मचारीले प्रत्येक महिना १ दिनका दरले एक वर्षमा १२ दिन विरामी विदा पाउनेछ । कुनै कर्मचारी अशक्त विरामी भई संचित विरामी विदाले नपुग्ने भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विरामी विदा दिन सकिनेछ तर अध्ययन विदा र असाधारण लिई बसेको अवधिको भने विरामी विदा पाउने छैन ।

(२) सात दिन वा सो भन्दा बढी अवधिको विरामी विदा माग गर्ने कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाण पत्र पेश गर्नु पर्नेछ । त्यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव नहुने कुरा विदा स्वीकृत गर्ने अधिकारीलाई लागेमा त्यस्तो प्रमाणपत्र पेश नगरेता पनि निजले सो व्यहोरा जनाई विरामी विदा स्वीकृत गर्न सक्नेछ ।

(३) कुनै कर्मचारी जुनसुकै व्यहोराले गाउँपालिकाको सेवाबाट अलग भएतापनि निजको संचित रहेजति बिरामी विदा बापत निजले त्यसरी अवकास पाउँदाको अवस्थामा खाईपाई आएको तलबको हिसाबले हुन आउने जति रकम एकमुष्ट पाउनेछ । निजको मृत्यु भएमा सो रकम निजले इच्छाएको व्यक्तिलाई र इच्छाएको व्यक्ति पनि नभएमा इच्छाएको व्यक्तिको नजिकको हकवालालाई दिइनेछ ।

(४) कुनै कर्मचारीलाई कुनै ठूलो वा कडा रोग लागि निजको संचित विरामी विदा र घर बिदा बाँकी नभएमा स्वीकृत चिकित्सकको सिफारिशमा बढीमा ६० दिनसम्म थप विरामी विदा पेश्कीका रुपमा दिन सकिनेछ । यस्तो बिदा विरामी बिदा लिने कर्मचारीको पछि पाक्ने घर विदा र विरामी बिदाबाट कट्टा गरिनेछ ।

(५) विरामी विदामा बस्ने कर्मचारीले पूरा तलव भत्ता पाउनेछ ।

**स्पष्टिकरण**ःयस उपदफा बमोजिम संचित विरामी विदाको गणना गर्ने प्रयोजनको लागि तीस दिनको एक महिना मानिनेछ । यो विदा गाउँपालिकाको स्विकृत दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले पाउनेछ ।

**(छ) किरिया बिदाः**

(१) कुनै कर्मचारी आफै क्रिया बस्नु परेमा कुल धर्म हेरी बढीमा १५ (पन्ध्र दिन सम्म क्रिया बिदा लिन पाउनेछ । महिला कर्मचारीको हकमा निजको पति किरिया बस्नु परेमा निजलाई पनि त्यत्तिनै दिन किरियाविदा दिइनेछ ।

(२) किरिया विदामा बसेका कर्मचारीले पूरा तलव भत्ता पाउनेछ ।

**(ज) प्रसूति बिदाः**

(१) कुनै महिला कर्मचारी सुत्केरी हुने भएमा सुत्केरीको अघि पछि गरी ९८ दिनको प्रसुति विदा पाउनेछ ।

तर प्रसूती विदा सेवा अवधि भरमा २ पटक भन्दा बढी दिइने छैन । प्रसुती विदा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ । कुनै पुरुष कर्मचारीको पत्नी सुत्केरी भएमा पुरुष कर्मचारीले पनि १५ दिन सुत्केरी स्याहार विदा पाउनेछ । प्रसुती विदा बस्ने कर्मचारीले पूरा तलव पाउने छ ।

**स्पष्टिकरणः**यो विदा गाउँपालिकाको स्विकृत दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले पाउनेछ ।

**(झ) अध्ययन विदाः**

(१) गाउँपालिकाले मनोनयन गरेको विषयमा वा खुल्ला प्रतियोगितामा छानिएता पनि गाउँपालिकालाई उपयोगी भनि ठहराएको विषयमा अध्ययन गर्न जाने कर्मचारीले अध्ययन बिदा पाउने सक्नेछ ।

(२) अध्ययन विदा सम्पूर्ण नोकरी अवधिमा तीन बर्ष सम्म दिन सकिनेछ ।

(३) नगरले आवश्यक र उपयुक्त सम्झेमा कार्यपालिकाको स्वीकृती लिई थप २(दुई वर्ष) सम्म थप गर्न सक्नेछ ।

(४) तीन वर्षको स्थायी सेवा अवधि पूरा नगरी अध्ययन बिदा दिइने छैन ।

(५) गाउँपालिकामा अस्थायी पदमा कार्यरत कर्मचारी स्थायी भएमा उक्त सेवा अवधिको ७५ प्रतिशत् सेवा अवधि अध्ययन विदा प्रयोजनको लागि गणना गरिनेछ ।

(६) सेवा कवुलियतः अध्ययन, तालिम वा प्रशिक्षण विदामा बस्ने कर्मचारीले ५ वर्षको अवधिसम्म नगरको सेवा गर्नु पर्नेछ । सो बमोजिम सेवा नगरेमा निजले पाउने तलव फिर्ता गर्ने सेवा कवुलियत गराइनेछ ।

(ञ) गाउँ कार्यपालिकाले कर्मचारीहरुको असाधारण विदा स्वीकृत तथा रेकर्ड राख्न लगाउनु पर्नेछ ।

२६. **विदामा बस्दाको अवस्थामा पाउने तलव भत्ताः**(१)भैपरी आउने विदा , घर विदा, विरामी विदा, किरिया विदा, प्रसुति विदा र तलवी अध्ययन विदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ ।

२७. **विदा नलिई गयल हुने कर्मचारी उपर कारवाही गर्न सकिनेः**(१) यस ऐन बमोजिम पाउने कुनै विदा स्वीकृत गराई कुनै कर्मचारी आफ्नो कार्यालयबाट गयल हुनु हुँदैन ।

(२) उपदफा (१) उलंघन गर्ने कर्मचारीलाई गयल गरी सो वापत तलब भत्ता कट्टा गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अपरझट काम परी विदा स्वीकृत नहुँदै विदा बसेपछि सो गयल भएको अवधिको निमित्त विदाको निवेदन पेश गरेकोमा र सो स्वीकृत भएमा यो उपदफाको उल्लंघन गरेको मानिने छैन ।

२८. **विदा सहुलियत मानिनेः**(१)विदा अधिकारको कुरा होईन, सहुलियत मात्र हो ।

२९. **विदा स्वीकृति गर्ने अधिकारीः**(१)देहायको कर्मचारीको विदा देहायको अधिकारीले स्वीकृति गर्न सक्नेछः

(क) प्रमुख प्रशासकिय अधिकृतको लागि गाउँपालिका अध्यक्ष

(ख) अधिकृत कर्मचारीको हकमा प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेकोएकस्तर माथिको अधिकृत

(ग) सहायक कर्मचारीको हकमा प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत

(घ) वडा सचिवका लागि वडा अध्यक्ष

(ङ) वडाका अन्य कर्मचारीका लागि वडा सचिव

(च) अध्ययन र असाधारण विदा गाउँ कार्यपालिकाको स्वीकृती लिइ दिन सकिनेछ ।

३०. **विदा माग गर्ने कार्यविधिः**(१) यस ऐन बमोजिमको कुनै विदा माग गर्ने कर्मचारीले विदा बस्नु परेको कारण र विदाको अवधि खोली आफ्नो कार्यालय रहेको इलाका छोडी अन्यत्र जानु पर्ने भएमा सो समेत खुलाइ निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि भैपरी आउने विदाको हकमा भने विदा स्वीकृत गर्ने अधिकारीले मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृती दिन सक्नेछ ।

(३) अध्ययन विदाको लागि दरखास्त दिंदा अध्ययन गर्न खोजेको विषय अध्ययन गर्न जाने मुलुक, शिक्षण संस्था र सम्बन्धित अन्य कुनै कुरा भए सो सबै खुलाउनु पर्नेछ ।

(४) देहायका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा विदा माग गरेको मिति भन्दा अगाडी देखि बसेको विदा समर्थन गर्ने गरी निजको विदा स्वीकृत गर्न सक्नेछः

(क) पूर्व स्वीकृति लिन सम्भव नहुने अवस्थामा परेको भएमा,

(ख) पूर्व स्वीकृति लिनको निमित्त यथासक्य प्रयत्न गर्दा पनि पूर्व स्वीकृति लिन नसकेको भएमा

(५) भैपरी आउने विदा बाहेक अन्य कुनै प्रकारका विदा लिई वसेको कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि गाउँपालिकामा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिइरहेको प्रकारको विदा वा सो बाँकी नभएमा लिन पाइने अरु विदा वसेको मनिनेछ ।

३१. **इलाका छोड्नु पर्दा सूचना गर्नुपर्नेः**(१)कुनै किसिमको विदा लिई वसेको कर्मचारी सो विदाको अवधिमा कुनै काम विशेषले आफ्नो घर वा कार्यालय रहेको इलाका छोडी अन्यत्र जानु पर्ने भएमा र विदा लिंदा त्यसरी इलाका छोड्ने कुरा नखुलाएको भए त्यसरी जानु परेको कारण र सम्भव भए त्यसरी जाने ठाउँको आफ्ना ठेगाना र सम्पर्क नम्वर समेत लेखि सकभर त्यस्तो ठाउँका लागि प्रस्थान गर्नु अघि त्यस्तो अग्रिम सूचना गर्न नसकेमा प्रस्थान गरेपछि सकभर छिटो सो कुरा आफ्नो कार्यालयमा सूचित गर्नुपर्छ ।

३२. **विदा भुक्तानी नहुँदै हाजिर हुन सकिनेः**(१) कुनै कर्मचारीले स्वीकृत गराएको विदा स्वीकृत भएको अवधि भुक्तानी नहुँदै कार्यालयमा हाजिर हुन चाहेमा निजलाई हाजिर गराई काम लगाउनु पर्दछ ।

(२) घर विदा लिई बसेको कर्मचारीलाई निजको विदा भुक्तान नहुदै काममा फिर्ता बोलाउनु पर्ने विशेष अवस्था परेमा विदा स्वीकृत गर्ने अधिकारीले त्यस्तो विदा भुक्तानी नहुँदै जुनसुकै वखत पनि फिर्ता बोलाउन सक्नेछ र त्यसरी फिर्ता बोलाइएको खण्डमा काममा हाजिर हुन आउनु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

३३. **विदाको अभिलेखः**

सबै कर्मचारीको विदाको अभिलेख राख्ने जिम्मेवारी महानगरको सम्वन्धित महाशाखा वा विभागको हुनेछ । प्रत्येक कर्मचारीको घरविदा १८० दिनसम्म र विरामी विदा खर्च नभए जती संचित हुनेछ उक्त संचित भएको विदाको रकम कर्मचारी सेवावाट अलग भएपछि निजले फिर्ता पाउनेछ ।

३४. **कार्य समयः**(१) गाउँपालिकाको कार्यालयको कार्यालय समय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

हल्दीबारी राजपत्र

## परिच्छेद -६

## कर्मचारीको पदाधिकार तथा सेवा सुरक्षा

३५. **कर्मचारीको पदाधिकारः**(१) गाउँपालिकाको तोकिएको स्थायी पदमा एक जना भन्दा बढी व्यक्तिलाई स्थायी नियुक्ति गरिने छैन ।

(२) कुनै पनि व्यक्तिलाई एक भन्दा बढी पदमा स्थायी नियुक्ति गरिने छैन ।

(३) कुनै पनि कर्मचारीको पदाधिकार रहेको स्थायी पदमा अर्को व्यक्तिलाई स्थायी नियुक्ति गरिने छैन ।

३६. **पदाधिकार कायम रहनेः**

यस ऐन बमोजिम कुनै पनि कर्मचारीको पदाधिकार स्थगन वा खारेज नभएसम्म निम्नलिखित अवस्थामा निजको पद माथिको पदाधिकार कायम रहनेछः–

(क) त्यस पदमा कामकाज गरिरहँदा सम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाउने म्याद सम्म,

(ग) विदामा वसेको वखत,

(घ) निलम्बनमा रहेको वखत,

(ङ) गाउँपालिकाले काज खटाएको वखत वा अन्य कुनै पदमा कायममुकायम भई काम गरेको वखत ।

३७. **पदाधिकार स्थगन वा खारेजः**

(१) गाउँपालिकाको स्विकृत दरवन्दीमा रहेका कर्मचारी अस्थायी रुपमा कुनै अन्य पदमा सरुवा भएमा निजको साविकको पदाधिकार स्थगन हुनेछ ।

(२) उपदफा(१) बमोजिम स्थगन भएको पदमा अन्य कुनै व्यक्तिलाई पदाधिकार भएको व्यक्ति फर्की हाजिर नभए सम्मको लागि विशेष पद श्रृजना गरी नियुक्ति गर्न सकिनेछ ।

(३) कुनै कर्मचारी कुनै कारणवस गाउँपालिकाको सेवाबाट अवकाश भएमा वा हटाइएमा वा वर्खास्त भएमा वा पद सहितको दरवन्दी खारेज गरिएमा त्यस्ता कर्मचारीको पदाधिकार स्वतः खारेज हुनेछ ।

३८. **कायम मुकायमः**(१) गाउँपालिकाको कुनै पनि पदमा कायम मुकायम मुकरर गरिने छैन । तर विभागीय प्रमुख पन्ध्र दिनभन्दा बढी समयसम्म विदामा बसेमा वा कानूनी कारवाहीमा परेमा सो पदमा तत्काल काम चलाउनको लागि समानस्तर वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भैसकेको एक तह मुनिको जेष्ठतम, योग्यतम कर्मचारीलाई कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) विपरीत कुनै पनि कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहदा खाई पाई आएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम गर्ने पदाधिकारीबाट सरकारी बांकी सरह असुल उपर गरीनेछ ।

३९. **निमित्त भई काम गर्नेः**(१) कार्यालय प्रमुख कुनै कारणले थोरै अवधिको लागि अनुपस्थित भएमा जेष्ठतम कर्मचारीले निमित्त भई काम गर्नेछ ।

४०. **कामय मुकायम वा निमित्त भई काम गर्दाको उत्तरदायित्वः** (१)कायम मुकायम वा निमित्त भै गरेको सम्पूर्ण काम कारवाहीको उत्तरदायित्व कायम मुकायम वा निमित्त भई काम गर्ने कर्मचारीकै हुनेछ ।

४१. **काम गरेको तलब भत्ता पाउनेः**(१)कुनै पदमा कायम मुकायम भई वा पन्ध्र दिन भन्दा बढी अवधि निमित्त भई काम गरेकोमा त्यसरी काम गर्ने कर्मचारीले जुन पदमा निमित्त वा कायम मुकायम मुकरर भएको छ सोही पदको तलब, भत्ता काम गरेको मितिदेखि पाउनेछ । तर कायम मुकायम वा निमित्त भई काम गर्दापाइने तलब भत्ता एकतह भन्दा माथिको तलव भत्ता भन्दा बढी हुने छैन ।

४२. **सेवाको सुरक्षाः**(१)देहायका कर्मचारी बाहेक अन्य कुनै पनि कर्मचारीहरुलाई सफाईको सवुत दिने, मनासिव माफिकको मौका नदिई गाउँपालिकाको सेवाबाट हटाईने वा बर्खास्त गरिने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ।

(ख) अस्थायी,करार, ज्यालादारी, पदमा बहाल रहेकोमा सो म्याद सकिई उक्त दरवन्दि खारेज भएको ।

(ग) कुनै कारणवस भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको ।

(घ) यस ऐनमा अन्यत्र जुनसुकै कूरा लेखिएको भए तापनी गाउँपालिकाको स्विकृत दरवन्दिको पदमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीको पेशागत सुरक्षा सुनिश्चित गरिनेछ ।

४३. **कर्मचारीको बचाउः**(१) गाउँपालिकाको कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै कामको सम्बन्धमा यस ऐन बमोजिमको रीत नपुर्याई मुद्दा चल्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी अभियोगको हकमा नगर प्रमुखलाई जानकारी दिएको हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम हुनु पर्नेछः

(क) मुद्दा चलाउनु पर्ने कारण तथा वादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना प्रमुख प्रशासकिय अधिकृतलाई र सम्बन्धित कर्मचारीलाई बुझाएको वा हुलाकद्धारा रजिष्ट्री गरी पठाएको र त्यसको १ (एक) प्रति नक्कल गाउँपालिका गाउँ सभामा पेश भएको २(दुई) महिना नाघेको ।

(ख) मुद्दा चलाउने कारण भएको ८(आठ) महिना भित्र मुद्दा दायर गरिसकेको ।

(३) गाउँ पालिकका कुनै कर्मचारी बहाल छदां आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटी सकेपछि पनि गाउँपालिकाको पूर्व स्वीकृत नलिई निज उपर देवानी मुद्दा चल्न सक्ने छैन ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन गाउँपालिकाको परिषद्‌ले स्वीकृती दिएमा निजको प्रतिरक्षा गाउँपलिकाले नै गर्नेछ ।

४४. **सेवा शर्तको सुरक्षाः**(१) गाउँपालिकाका कर्मचारीलाई निजको नियुक्ति हुदां तत्काल लागु रहेको तलव भत्ता उपदान, निवृत्तिभरण, अन्य सुविधा सम्बन्धी सेवाका सर्तहरुमा निजको स्वीकृत वेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन र पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै कर्मचारीलाई उपयुक्त

सेवाका शर्तहरुमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृत नभई त्यस्तो व्यवस्था निजको हकमा लागु हुने छैन ।

## परिच्छेद -८
## तलब भत्ता तथा अन्य सुविधा

४५. **तलब स्केलः**(१) गाउँपालिकाका कर्मचारीले पाउने तलब स्केल नेपाल सरकारको समान तहका निजामती कर्मचारीले पाउने तलव भन्दा कम हुने छैन ।

(२) गाउँपालिकाका प्रत्येक कर्मचारीले गाउँपालिकामा हाजिर भई काम गरेको मितिदेखि तलब भत्ता पाउनेछ ।

(३) उपदफा (१) बमोजिम गाउँपालिकाका कर्मचारीले पाउने तलब स्केलमा आवश्यकतानुसार प्रदेश सरकारले समय समयमा परिर्वतन गरे सोहि बमोजिम हुनेछ ।

(४) कुनै कर्मचारीले गाउँपालिकामा काम गरी पकाएको तलब भत्ता निज जुनसुकै व्यहोराबाट सेवाबाट मुक्त भएपनि पाउनेछ ।तर, गाउँपालिकाले निजसँग कुनै रकम असूल उपर गर्नुपर्ने भएमा निजले पाउने तलब भत्ताको रकमबाट वा अरु श्रोतबाट सो बाँकी रकम असूल उपर गर्न सकिनेछ ।

(५) सामान्यता प्रत्येक महिनाको तलवभत्ता सो महिना भुक्तानी भएपछि दिइनेछ।

४६. **वार्षिक तलब वृद्धि (ग्रेड)** :(१) नयाँ नियुक्ति हुने स्थायी कर्मचारीले कार्यालयमा हाजिर भई काम गरेको र बढुवा हुने कर्मचारीले बढुवाको अन्तिम नामावली प्रकाशित भएको मितिले एक वर्षको सेवा अवधि पूरा गरिसकेपछि नेपाल सरकारले तोके बमोजिम तलब बृद्धि १ (एक) ग्रेड पाउनेछ ।

(२) कुनै कर्मचारीको तलब बृद्धि रोक्का भएमा सो रोक्का भएको अवधि समाप्त भएपछि त्यसरी तलब बृद्धि रोक्का भएको अवधि कटाई बाँकी अवधिको हिसाव गरी तलब बृद्धि (ग्रेड) प्रदान गरिनेछ ।

(३) गाउँपालिकामा स्विकृत दरवन्दीमा कार्यरत अस्थायी कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप मासिकरुपमा पाउने आधारभूत तलवमानको एक दिनको तलब बराबरको रकम प्रत्येक वर्ष वार्षिक तलब वृद्धि (ग्रेड) उपलब्ध गराईनेछ ।

> ***स्पष्टिकरणः****श्रम ऐन २०७४ को दफा ३६ मा एक वर्षको सेवा अवधि पूरा गरेको श्रमिकले मासिकरुपमा पाउने आधारभूत पारिश्रमिकको कम्तीमा आधा दिनको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष वार्षिक तलब वृद्धि (ग्रेड) पाउनेछ भनी उल्लेख भएको ।*

४७. **उपचार खर्चः**(१) गाउँपालिकाको कर्मचारीहरुले सेवा अवधिभरमा देहाय बमोजिम उपचार खर्च पाउनेछनः

(क)अधिकृत तहको सेवा अबधिमा १६ महिनाको खाईपाई आएको तलब रकम बराबरको उपचार खर्च पाउने ।

(ख) सहायकस्तर पाचौ वा सो सरह भए १८ महिनाको खाईपाई आएको तलब रकम बराबरको उपचार खर्च पाउने ।

(ग) खरिदार, मुखिया र बहिदार श्रेणी बिहिन कर्मचारीहरुले २१ महिनाको खाईपाई आएको तलब रकम बराबरको उपचार खर्च पाउने ।

(घ) निवृतिभरण वा उपदान पाउने गरी सेवाबाट अलग भएको कर्मचारीले उपचार खर्चबापत लिन बाकी रकममा २० बर्ष, २५ बर्ष वा सो भन्दा बढी सेवा अवधि भएको कर्मचारीले १०, १५ र २० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालयको कामको सिलसिलामा गम्भीर चोटपटक लागी कुनै कर्मचारीलाई उपचार गर्नुपर्ने भएमा वा नेपाल भित्र उपचार हुन नसक्ने भनि प्रदेश सरकारबाट गठित मेडिकल बोर्डबाट सिफारीस भै आएमा तोकिएको उपचार खर्चको अतिरिक्त निजले विदेश गई उपचार गराउंदा लागेको खर्च बराबरको रकम गाउँ कार्यपालिकाले निर्णय गरेबमोजिम आर्थिक सहायता स्वरुप प्रदान गर्न सक्नेछ ।

४८. **शैक्षिक तथा सन्तति बृद्धि**(१) गाउँपालिकामा कार्यरत कुनै पनि कर्मचारी कार्यालयको कामको सिलसिलामा दुर्घटना भई मृत्यु भएमा वा सो कारणले गर्दा आजिवन काम गर्न नसक्ने भएमा त्यस्तो कर्मचारीको बढीमा २ सन्तति लाई १८ बर्षको उमेर नपुगुन्जेल देहायका दरले बार्षिक शैक्षिक बृत्ति दिईने छ । निज कर्मचारी बहाल रहेको पदको देहाय बमोजिमको प्रतिशतका दरले मासिक सन्तति बृत्ति समेत दिईनेछ ।

(क) अधिकृत तह १० प्रतिशत

(ख) ना.सु, वा खरिदार वा सो सरह १२ प्रतिशत

(ग) मुखिया वा सोसरह १३ प्रतिशत

(घ) बहिदार वा सो सरह १४ प्रतिशत

(ङ) श्रेणी बिहिन १५ प्रतिशत

*स्पष्टिकरणःनिजामति सेवा नियमावली २०५० को परिच्छेद १२ उपचार खर्च नियम ९४, र ९९ मा ब्यबस्था भए बमोजिम ।*

४९. **बढुवा हुँदा पाउने तलबः**(१) बढुवा हुँदा कर्मचारीले बढुवा भएको पदको शुरु तलब स्केल बमोजिमको तलब पाउनेछ ।

(२) उपदफा (१) बमोजिम तलब प्रदान गर्दा हालको पदमा पाउने तलब स्केल भन्दा साविकको पदमा खाइपाई आएको तलब बढी भएमा यसरी बढी भएको रकम वापत निजलाई ग्रेड थप गरिनेछ ।

५०. **प्रोत्साही पुरस्कारः**(१) गाउँपालिकामा उल्लेख्य काम गर्ने कर्मचारीलाई कार्यपालिकाले प्रोत्साही पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने प्रोत्साही पुरस्कार देहाय बमोजिम हुन सक्नेछः

(क) बढीमा ३(तिन) ग्रेड सम्म थप,

(ख) बढीमा १(एक) महिनाको सम्मको खाईपाई आएको तलबबरावरको नगद पुरस्कार ।

(३) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई प्रोत्साही पुरस्कार प्रदान गर्दा देहायको आधारमा मूल्यांकन गरी प्रदान गरिनेछः

(क) उक्त कर्मचारीले विगत ३ वर्षको अवधिमा लगातार कार्य सम्पादन मूल्यांकनमा अति उत्तम अंक प्राप्त गरेको वा

(ख) गाउँको गौरब र प्रतिष्ठा बढाउन विशेष योगदान पुर्याउने कार्य गरेको।

(४) प्रोत्साही पुरस्कारको लागि सामान्यतया वर्षको एक पटक मात्र कारवाही चलाउनु पर्नेछ ।

(५) प्रोत्साही पुरस्कार प्रदान गर्दा उक्त पुरस्कार प्राप्त गर्ने कर्मचारीको निकटतम सुपरिवेक्षण गर्ने अधिकृत, प्रमुख प्रशासकिय अधिकृतको सिफारिसमा मात्र नगर प्रमुखबाट प्रदान गरिनेछ ।

५१. **अतिरिक्त सुविधाः**(१)कार्यपालिकाले निर्णय गरि अतिरिक्त समय काम गरेका वापत कर्मचारीहरुलाई अतिरिक्त सुविधा दिईनेछ ।

(२) अतिरक्त सुविधा उपलब्ध गराउँदा कार्यविधि बनाई उपलब्ध गराईनेछ।

५२. **संयकोषः** (१) गाउँपालिकाका स्थायी कर्मचारीको मासिक तलबको दश प्रतिशत रकम कट्टा गरी सो रकममा शत प्रतिशत रकम थप गरि हुन आउने रकम मासिक रुपमा संचय कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम संचयकोषको खातामा जम्मा हुनेछ ।

(गाउँपालिकामा कार्यरत सबै अस्थायी एंव करार कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा गाउँपालिकाले शतप्रतिशत रकम थप गरी कर्मचारी संचय कोषमा जम्मा गरि दिनेछ ।)

(४) गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी तथा सेवा करारमा रहेका कर्मचारी कनै कारणवश सेवाबाट अलग भएमा वा सेवाबाट अवकाशभएमा निजको नाममा जम्मा भएको रकम एकमुष्ठ पाउनेछ ।

> ***स्पष्टिकरणः****श्रम ऐन २०७४ को दफा ५२ मा सञ्चय कोष, उपदान तथा बिमा सम्बन्धी व्यवस्था ।*
>
> *उपदफा(१) रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा शतप्रतिशत रकम थप गरी सञ्चय कोष बापतको रकम जम्मा गर्नु पर्नेछ ।*
>
> *(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चय कोष बापतको रकम कुनै कारणले उपदफा (२) वा (३) बमोजिम जम्मा गर्न नसकिने भएमा रोजगारदाताले त्यस्तो श्रमिकको आधारभूत पारिश्रमिकको दश प्रतिशत रकम थप गरी भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था भएकोले ।*

५३. **चाडपर्व तथा अन्य सुविधाः** (१) गाउँपालिकामा वहाल रहेका सबै कर्मचारीले आफूले खाईपाई आएको एक महिनाको तलब चाडपर्व खर्चको रुपमा पाउने छन् । अन्य प्रोत्साहन भत्ताको हकमा नगर कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

(२) गाउँपालिकामा वहाल रहेका कर्मचारीले दुई सन्तान भएसम्म रु. पाँच हजार बराबर शिसु स्याहार भत्ता पाउने छन् ।

५४. **नक्शा पास दस्तुर छुटः** (१) गाउँपालिकामा बहाल रहेका जनप्रतिनिधि तथा कार्यरत सबै कर्मचारीको वा निजको पति पत्नीको नाममा नगर क्षेत्र भित्र निर्माण हुने आवासिय भवनको लागि नक्शापास वापत लाग्ने दस्तुर नगर सभाले तोके बमोजिम छुट दिइनेछ ।

५५. **बिमाः**(१) गाउँपालिकाकाले आफ्ना प्रत्येक कर्मचारीको रु ५,००,०००।०० बरावरको दुर्घटना बिमा गराउन सक्नेछ ।

५६. **अवकाश कोषः**(१) गाउँपालिकाले स्थानीय सेवाका कर्मचारीहरुले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश हुदाँ प्राप्त गर्ने उपदान वा निवृत्तिभरण, औषधी उपचार, विदा लगायत ऐनमा व्यवस्था भएका अन्य सुविधा उपलब्ध गराउन अवकाश कोष स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा प्रत्येक वर्ष कर्मचारीलाई आवश्यक पर्ने एक महिनाको तलब बराबरको रकम जम्मा गर्नु पर्नेछ । साविकमा कर्मचारी कल्याण कोषको नाममा खाता खोली रकम जम्मा गरेको रहेछ भने यसै ऐन बमोजिम मिलान गरिनेछ ।

(३) कुनै कारणवश कर्मचारी सेवाबाट अलग भएमा उक्त रकम निज वा निजले ईच्छाएको नजिकको हकवालालाई उपलब्ध गराउनु पर्नेछ ।

(४) अवकाश कोष राष्ट्रिय बाणिज्य बैंकमा खाता खोली प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखबाट खाता संचालन गरिनेछ ।

(५) अवकाश कोष सम्बन्धी अन्य व्यवस्था प्रदेश तोकिए बमोजिम हुनेछ ।

(६) कर्मचारी समायोजन ऐन २०७५ लागू भई स्थानीय तहमा समायोजन भएका स्थायी कर्मचारीले सेवा प्रवेश गर्दा तोकिएको शर्त सेवा सुविधा सोही बमोजिम हुनेछ ।

(७) स्थानीय तह गठन भई गाउँसभाबाट स्वीकृत संगठन संरचना र दरबन्दीमा अनुसार लोकसेवा आयोगमा माग भई पदपूर्तिको लागि सिफारिस भई नियूक्त कर्मचारीहरुको सेवा सुविधा र शर्तहरु प्रादेशिक कानूनमा तोकिए बमोजिम हुनेछ ।

*<u>स्पष्टिकरण</u>*

*स्थानीय सरकार संचालन ऐनको परिच्छेद ११ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन अन्तरगत दफा ८३ को उपदफा ५ मा सेवा करारका कर्मचारीहरुको दरवन्दी प्रस्ताव गर्दा समेत योगदानमा आधारित सामाजिक सूरक्षा जस्ता सेवा सूविधाको समेत खर्च सूनिस्चित गर्नु पर्ने व्यवस्था भएको तथा सोही ऐनको दफा ९१ मा अवकाश कोषको व्यवस्था भएको र उक्त दफाको उपदफा २ (१) मा स्थानीय तहले आफनो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको तलवको १० प्रतिशत वरावरको रकम नीजको मासिक तलववाट कट्टा गरि सो बरावर हुने रकम स्थानीय तहले थप गरि अवकाश कोषमा राखे र सोही कोषवाट कर्मचारी अवकाश हुंदा रकम उपलब्ध गराउने ब्यवस्था रहेको ।*

## परिच्छेद -११
## अवकाश सम्बन्धी व्यवस्था

५७. **अनिवार्य अवकाशः**(१)देहायको अवस्थामा गाउँपालिकाले कुनैपनि कर्मचारीलाई अनिवार्य अवकाश दिनेछः–

(क) निजको उमेर ५८ वर्ष पुगेपछि (संघीय सरकारको अद्यावधिक व्यवस्था बमोजिम) वा

(ख) शारिरीक वा मानसिक रोगको कारण नियमित रुपमा सेवा गर्न असमर्थ छ भनि नेपाल सरकारद्वारा स्वीकृत प्राप्त मेडिकल बोर्डको सिफारीस प्रतिवेदन प्राप्त भएमा बढीमा ७ वर्ष सेवा अवधि थप गरी अवकाश दिन सकिनेछ । *<u>(नि.से.ऐन २०४९ को दफा ३४क मा व्यवस्था भएको)</u>*

तर, उमेर ५८ वर्ष भन्दा बढी(संघीय सरकारको अद्यावधिक व्यवस्था बमोजिम) हुने गरी थप गरिने छैन ।

५८. **प्रोत्साहित अवकाशः**(१) गाउँपालिकाको आर्थिक हित तथा कार्यवोझलाई दृष्टिगत गरी कार्य प्रभावकारिता र दक्षतामा अभिवृद्धि हुने ठोस आधारहरु पाइएमा नगरसभाको स्वीकृति लिई गाउँपालिकाले प्रोत्साहित अवकाश कार्यक्रम लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सरकार संचालन ऐन २०७४ लागू हुनु पूर्व अविछिन्न रुपमा कार्यरत साविक स्थानीय निकायका अस्थायी तथा सेवा करारका कर्मचारीलाई देहाय बमोजिमको विशेष सुविधा उपलब्ध गराईनेछ ।

(क) पाँच देखि दश वर्षसम्म सेवा गरेकोमा प्रत्येक वर्षको निमित्त आखिरी आधा महिना बराबरको तलब,

(ख) दश देखि पन्ध्र वर्षसम्म सेवा गरेकोमा प्रत्येक वर्षको निमित्त आखिरी एक महिना बराबरको तलब,

(क) पन्ध्र वर्ष माथि जतिसुकै बढी सेवा गरेकोमा प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिना बराबरको तलब ।

५९. **स्वेच्छिक अवकाशः**(१)गाउँपालिकामा स्थायी पदमा कार्यरत कुनै कर्मचारीले अवकाश लिन चाहेमा अवकाश लिन चाहेको एक महिना अगावै राजिनामा पेश गरी सो स्वीकृत भएपछि अवकाश लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राजिनामा स्वीकृत गर्ने अधिकार देहायका पदाधिकारीमा हुनेछ ।

(क) अधिकृत स्तरका कर्मचारीको – प्रमुख

(ख) सहायक स्तरका कर्मचारीको – प्रमुख प्रशासकिय अधिकृत

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास अवधिको लागि गाउँपालिकाको सेवा गर्ने गरी कुनै कर्मचारीले कवुलियत (वण्ड) गरेको भए वा कुनै खास परियोजना सञ्चालन गर्न नियुक्त गरिएको भए सो अवधि भुक्तान नभई निजले राजीनामा गर्न पाउने छैन । सो अगावै राजिनामा दिएमा नगर कार्यपालिकाले तोके बमोजिम क्षतिपूर्ति तिर्नु पर्नेछ ।

(४) उपदान वा निवृत्तिभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पुरा भएका कर्मचारीको ५८ वर्ष उमेर ननाघ्ने गरि बढिमा ७ वर्षसम्म सेवा अवधि थप गरि उपदान वा निवृत्तिभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ । *(नि.से.ऐन २०४९ को दफा ३५ मा व्यवस्था भएको)*

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि उपदान वा निवृत्तिभरण पाउने अवस्था भएको, उमेरको हद पचास पुगेको र कार्यरत पदमा १२ वर्ष सेवा अवधि पुरा गरि कुनै कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक तह माथिको पदमा बढुवा गरि स्वेच्छिक अवकाश दिन सकिनेछ ।

## परिच्छेद -१२
## उपदान र निवृतिभरण

६०. **उपदानः**(१) पाँच वर्ष वा सो भन्दा बढी गाउँपालिकामा सेवा गरेका स्थायी कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा निजको मृत्यु भएमा देहायको दरले एकमुष्ट उपदान निजले वा निजको परिवारको सबैभन्दा नजिकको सदस्यले पाउनेछः

(क) पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिना बराबरको तलब ।

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिना बराबरको तलब ।

(ग) पन्ध्र वर्ष भन्दा बढि बीस बर्ष भन्दा कम अवधिसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिना बराबरको तलब ।

(घ) बीस वर्ष भन्दा बढी पच्चिस वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी अढाई महिना बराबरको तलब ।

(ङ) पच्चिस वर्ष भन्दा बढी जतिसुकै वर्षसम्म सेवा गरेको भएपनि त्यस्ता कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी तीन महिनाको तलब पाउनेछन ।

(२) उपदान निमित्त न्यूनतम सेवा अवधि पुरा गरी उपदान हिसाव गर्दा एक वर्ष पूरा भएको समय भन्दा बढी ६ महिना र सो भन्दा बढी चानचुन दिनको लागि पनि १ वर्ष पूरा गरेको सरह नै मानी उपदान दिइनेछ ।

(३) उपदानको प्रयोजनको लागि सेवा अवधि गणना गर्दा यो ऐन लागु हुनुपुर्व लिएको बेतलवी विदामा वसेको अवधि कटाई बाँकी हुन आएको अवधि गणना गरिनेछ ।

(४) दफा ६० को उपदफा (१), (२) र (३) जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै अवस्थामा कर्मचारीले उपदान पाउन सक्ने छैनः

(क) गाउँपालिकाको सेवा पाउने वा सेवामा बहाल रहने उद्देश्यले उमेर वा शैक्षिक योग्यता ढाँटिको प्रमाणित हुन आएमा ।

(ख) भविष्यमा गाउँपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएकोमा ।

(ग) कुनै अस्थायी पदमा वा करारमा वा ज्यालादारी पदमा नियुक्ति भएको अवस्थाको कर्मचारी हटाउँदा ।

(घ) बर बुझारथ वा फरफारकको प्रमाणपत्र नलिएकोमा ।

(ङ) निवृतभरण पाउने अवधि पुरा भई निवृतभरण प्राप्त गर्ने भएमा ।

(५) कर्मचारीहरु अवकास हुदाँ अस्थायी कर्मचारीहरु सोही पदमा वा गाउँपालिकाको नयाँ संगठन संरचनाको समान तहको पदमा स्थायी भएको अवस्थामा निजले कार्य गरेको अस्थायी अवधिलाई १०० प्रतिशत सेवा अवधि गणना गरी उपदान प्रयोजनको लागि स्थायी अवधि सरह गणना गरिनेछ ।

(६) गाउँपालिकामा समायोजन भई आउने कर्मचारी तथा तत्कालिन गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुले यो ऐन प्रारम्भ हुदाँका बखतमा जुन प्रक्रियाबाट निवृत्तिभरण वा उपदान पाउने हो निजहरुलाई सोही प्रक्रिया वा प्रावधान बमोजिम निवृत्तिभरण वा उपदान सुविधा दिईनेछ ।

(७) उपदान वा निवृत्तिभरण सम्बन्धी अन्य ब्यवस्था प्रादेशिक कानूनमा तोकिए बमोजिम हुनेछ ।

६१. **पारिवारिक उपदानः**(१) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भएपछि गाउँपालिकाले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा कुनै कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्ष भन्दा कम रहेछ भने बाकी अवधि थप गरि निजको पति वा पत्नीलाई यस ऐन बमोजिमको उपदान वा निवृत्तिभरणको रकम दिईनेछ ।

(२) यसदफा बमोजिम उपदान वा निवृत्तिभरण पाउने व्यक्तिले अर्को विवाह गरेमा निजले त्यस्तो उपदान वा निवृत्तिभरण पाउने छैन ।

६२. **सुविधा दावि गर्ने अवधिः**(१) सेवा निवृत हुने कर्मचारी वा निजको परिवारका सदस्यले सेवा निवृत्त भएको मितिले पाँच वर्ष भित्र नियमानुसार पाउने उपदान वा निवृत्तिभरण लगायतका सुविधा लिनका लागि निवेदन दिई सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर सुविधा उपलब्ध गराउने निकायले बढीमा ३ महिना भित्र भुक्तानी दिनु पर्नेछ ।

६३. **वेपत्ता भएको कर्मचारीको उपदान वा निवृत्तिभरणः**(१) स्थानीय सेवामा रहि काम गरेको कुनै कर्मचारी हराई वेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ५३ र ६० बमोजिम पाउने उपदान वा निवृत्तिभरणको रकम दफा ६१ बमोजिम निजको परिवारलाई दिईनेछ ।

६४. **योगदानमा आधारित निवृत्तिभरणः** (१) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि सम्वत् २०७५ साल साउन १ गते देखि नियूक्त हुने कर्मचारीले योगदानमा आधारित निवृत्तिभरण पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन लागू हुनु पूर्व स्थानीय सेवामा बहाल रहेको कर्मचारीको हकमा यो दफा आकर्षित हुने छैन् ।

(३) योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनले व्यवस्था गरे बमोजिम हुनेछ ।

## परिच्छेद -१०

## तालिम र अध्ययन सम्बन्धी व्यवस्था

६५. **अध्ययन वा तालीमः**(१) गाउँपालिकाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने विषयमा गाउँपालिकाको कर्मचारीलाई गाउँपालिकाको आफ्नै खर्च वा नेपाल सरकार, प्रदेश सरकार वा अन्य संस्थाबाट प्राप्त छात्रवृत्तिमा स्वदेशमा वा विदेशमा अध्ययन वा तालिममा पठाउन सकिनेछ । यसरी छात्रबृत्तिमा मनोनयन गर्दा निम्न आधारहरु अपनाउनु पर्नेछः

(क) कार्यसम्पादन मूल्यांकनको स्तर, शैक्षिक योग्यता र जेष्ठता ।

(ख) अध्ययन वा तालिमको विषयसँग सम्बन्धित कर्मचारी ।

(ग) यस भन्दा अगाडी तालिम प्राप्त नगरेको कर्मचारी (निजको परीक्षण अवधि पुरागरे पछि) ।

(२) उपदफा (१) बमोजिम अध्ययन वा तालिम प्राप्त गर्न जाने कर्मचारीले अध्ययन वा तालिम पूरा गरेपछि निम्न बमोजिमको अवधिसम्म गाउँपालिकामा रही अनिवार्य रुपमा सेवा गर्नु पर्नेछ । यसरी सेवा गर्ने कवुलियतनामा निजले अध्ययन वा तालिमका लागि जानु अगाडी पेश गर्नु पर्नेछ । अध्ययन वा तालिमको अवधि पश्चात कर्मचारीले अनिवार्य सेवा गर्नुपर्ने अवधि देहायनुसार हुनेछ ।

(क) ३ महिना सम्मको लागि १ वर्ष

(ख) ३ महिना भन्दा बढी एक वर्ष सम्मको लागि ३ वर्ष

(ग) १ वर्ष भन्दा वढी २ वर्ष सम्म ४ वर्ष

(घ) २ वर्ष भन्दा बढी ३ वर्ष सम्म ५ वर्ष

(३) उपदफा (२) बमोजिमको सेवा गर्नु पर्ने अवधि पूरा नगर्ने कर्मचारीबाट अध्ययन वा तालिम अवधि भरमा गाउँपालिकाले व्यहोरेको तलब भत्ता तथा अन्य सुविधा बापतको जम्मा रकम (अध्ययन विदामा जाने कर्मचारीको हकमा) समेत असुल उपर गरिनेछ ।

(४) उपदफा (१) बमोजिम गाउँपालिकाको आफ्नै खर्चमा स्वदेशमा वा विदेशमा अध्ययन वा तालिममा पठाउँदा दिइने भत्ताको दर तोकीए बमोजिम हुनेछ ।

## परिच्छेद -१३
## आचरण

६६. **दान,दातव्य वा उपहारः**(१) गाउँपालिकाको काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कर्मचारीले **गाउँपालिका**को पूर्व स्विकृती बिना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली र उपहार स्वीकार गर्न वा आफ्नो परिवारको कुनै सदस्यबाट स्वीकार गराउनु हुदैन ।

६७. **चन्दा माग्नेः**(१) गाउँपालिकाको कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृती विना चन्दा माग्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन अथवा कुनै किसिमको आर्थिक सहायता उठाउने काममा भाग लिनु हुँदैन ।

(२) गाउँपालिकाका कर्मचारीले कुनैविदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले गाउँपालिकालाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

६८. **संस्थाको सदस्यताः**(१) गाउँपालिकाको पूर्व स्वीकृति वेगर कर्मचारीले बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन हुँदैन ।

(२) गाउँपालिकाको पूर्व स्वीकृती वेगर अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्नु हुदैन ।

(३) गाउँपालिकाको स्वीकृती नलिई प्रचलित कानुन बमोजिम दर्ता गराउनु पर्ने व्यापार वा व्यवसाय गर्नु हुँदैन । तर सरकारी एवं गाउँपालिकाको नीतिको विपरित वा हित प्रतिकुल नहुने गरी साहित्यिक, ऐतिहासिक, बैज्ञानिक वा कलात्मक ढंगले काम गर्नमा कुनै वाधा पुर्याएको मानिने छैन ।

६९. **गाउँपालिकाको कामकाज अथवा समाचार प्रकाशित गर्नमा प्रतिबन्धः**(१)कुनै पनि कर्मचारीले गाउँपालिकाबाट अख्तियारी नपाई आफुले कर्तव्यको पालना गर्दा प्राप्त सूचना प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत व्यक्तिलाई वा प्रेसलाई सूचित गर्नु हुँदैन । यो व्यवस्था गाउँपालिकामा रहेको व्यक्ति जुनसुकै कारणबाट नोकरीबाट अलग भए पनि लागू हुनेछ । तर गाउँपालिकाको हित प्रतिकूल नहुने सामाग्री प्रकाशन गर्न प्रतिवन्ध लगाएको मानिने छैन ।

(२) कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै संचार माध्यममा आफ्नै वास्तविक वा काल्पनिक नामबाट कार्यालय सम्बन्धी लेख प्रकाशित गर्न गराउनु हुँदैन । यस्तो लेख अथवा प्रशारण साहित्यीक, कलात्मक, ऐतिहासिक अथवा बैज्ञानिक विषयको भएमा यस्तो स्वीकृति लिई रहनु पर्दैन ।

७०. **संघीय सरकार, प्रदेश सरकार तथा** गाउँपालिकाको **आलोचना गर्न प्रतिवन्धः**(१)कुनै कुराको आलोचना गर्दा नेपाल सरकार वा गाउँपालिकाको नीतिको विरुद्ध असर पर्ने अथवा नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा खलल पर्न सक्ने वा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने कुरा कुनै पनि कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट लेख प्रकाशित गर्न, प्रेसलाई खवर दिन, रेडियो, टेलिभिजन, आदिद्धारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन । आफूले प्रकाशित गर्न चाहेको लेख वा वक्तव्य अथवा प्रसारित गर्न लागेको भाषणद्धारा यस ऐन उल्लंघन हुन्छ कि भन्ने कुनै

कर्मचारीलाई शंका लागेमा निजले उक्त लेख, वक्तव्य अथवा भाषणको एक प्रति स्वीकृतिको लागि प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

७१. **राजनीति तथा चुनावमा भाग लिन नपाइनेः**(१) गाउँपालिकाका कुनै पनि कर्मचारीले कुनै उम्मेदवारको पक्ष वा विपक्षको चुनावी अभियानमा र राजनीतिमा भाग लिन हुँदैन । तर कानूनद्धारा मत दिने अधिकार वा त्यस्तो अधिकार प्रयोग गर्न वा आधिकारिक पेशागत संघ, संगठनको चुनावमा भाग लिन र उम्मेदवार हुनमा यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

७२. **प्रदर्शन र हडतालमा प्रतिवन्धः**(१) गाउँपालिकाका कर्मचारीले नेपाल राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध, सार्वजनिक मर्यादा, कार्यालयको हानी नोक्सानी, अदालतको निर्णयको अवहेलना वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न वा हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउनु हुँदैन ।

७३. **हड्ताल, थुनछेक तथा घेराउ गर्नमा प्रतिवन्धः** (१) कुनै पनि कर्मचारीले कुनै पनि कार्यालय वा कर्मचारीलाई कानुनद्धारा निर्धारित कर्तव्य पालनामा बाधा विरोध हुने गरी हड्ताल, थुनछेक घेराउ गर्न वा शारीरिक तथा मानसिक उत्पीडनबाट दवाब दिन वा सो गर्ने उदेश्यले अरुलाई उक्साउनु हुँदैन ।

(२) कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेशद्धारा सम्बन्धित निकाय वा अधिकारी समक्ष दिने निवेदन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन ।

७४. **कर्मचारीहरुको संघ, संगठनको सदस्यताः**(१) कुनै पनि कर्मचारीले प्रचलित कानून बमोजिम दर्ता नभएको र नेपाल सरकारद्धारा मान्यता नपाएको कर्मचारीहरुको कुनै संघ, संगठनको सदस्य बन्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम र नेपालसरकारको नीतिको विपरित नहुने गरी कुनै कर्मचारी आफ्नो पेशागत सामाजिक संस्था (जस्तैः– मेडिकल एशोसिएसन, इन्जिनियरिङ्ग एशोसिएसन, नेपाल बार एशोसिएसन आदि) को सदस्य बन्न र सहायक स्तरका र पांचौं तह सम्मका कर्मचारीहरुले आफनो हकहितको सुरक्षाको लागि कानुन बमोजिम गठन हुने पेशागत संगठनको सदस्य हुन यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन ।

७५. **कर्मचारीले गरेको काम कारवाहीको सफाईः**(१)कुनै पनि कर्मचारीले गाउँपालिकाको पुर्व स्वीकृति वेगर आफ्नो पदीय कार्यसँग सम्बद्ध विषयमा कुनै व्यक्तिद्धारा लगाइएको आरोपको सफाईको निमित्त प्रेस, अदालत वा अन्य निकायहरुको सहारा लिनु हुँदैन ।

७६. **समय पालना र नियमितताः**(१) कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य तत्परता र ईमान्दारीपुर्वक पालना गर्नु पर्दछ ।

(२) कर्मचारीले आफ्नो काम सम्बन्धी कुरामा आफु भन्दा माथिको अधिकृतले दिएको आज्ञालाई सिघ्रता र परिश्रमका साथ पूरा गर्नु पर्दछ ।

(३) कर्मचारीले आफुभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्दछ र आफु मुनिका कर्मचारीहरु प्रति उचित व्यवहार गर्नु पर्नेछ ।

(४) कर्मचारीले निर्धारित समयमा नियमित रुपमा कार्यालयमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले विदाको स्वीकृति नलिइ कामबाट अनुपस्थित हुनुहुँदैन ।

(५) कर्मचारीले आफ्नो पद र सेवा अनुकुलको आचरण समेत पालना गर्नु पर्नेछ ।

७७. **कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने**:(१)कुनै पनि कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा मतलव साध्य गर्ने मनसायलेआफु भन्दा माथिका अधिकृत तथा अन्य कर्मचारीमाथि कुनै राजनैतिक अथवा अवान्छनीय बाहिरी प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

७८. **खटाएको कार्यालय वा स्थानमा कार्य गर्नु पर्नेः**(१)कुनै पनि कर्मचारीले आफुलाई पदस्थापन वा सरुवा गरिएको कार्यालय वा स्थानमा हाजिर भै तोकिएको कामकाज गर्नु पर्नेछ ।

७९. **प्रचलित कानुन विपरित कार्य गर्नु नहुनेः**(१)कुनै पनि कर्मचारीले प्रचलित कानुन उल्लघंन गर्न वा प्रचलित कानुन विपरित कार्य गर्नु गराउनु हुँदैन ।

८०. **आफ्नो कार्यालयको सम्पत्ति हिनामिना गर्नु नहुनेः**(१) कुनैपनि कर्मचारीले आफ्नो कार्यालयको हाताभित्रको सम्पत्ति कार्यालयको हाता वा तोकिएको क्षेत्र बाहिर अख्तियारवालाको स्वीकृत नलिई लान वा लाने प्रयास गर्नु हुँदैन ।

(२) उपदफा (१) को उल्लंघन गरेमा त्यस्तो कर्मचारीबाट विगो बराबरको मुल्य असुल उपर गरी निजलाई नोकरीबाट समेत हटाउन सकिनेछ ।

(३) नगरको सम्पत्तिको उचित सुरक्षा गर्नु प्रत्येक कर्मचारीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) को उल्लंघन गरी गाउँपालिकाको सम्पत्ति तोडफोड गरी क्षतिपुर्याएमा विभागीय कारवाही गरी क्षति भएको सम्पत्ति निजबाट असुल गर्न सकिनेछ ।

८१. **कार्यालयमा मादक पदार्थ सेवन गर्नु नहुनेः**कुनै पनि कर्मचारीले कार्यालय आउँदा वा कार्यालय समय भित्र रहदाको समयमा कुनै पनि किसिमको मादक पदार्थ तथा लागूपदार्थ सेवन गर्न हुँदैन ।

८२. **सम्पत्ति विवरणः**(१)गाउँपालिकामा बहाल रहेको प्रत्येक कर्मचारीले प्रचलित ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

८३. **कर्मचारीको आचरणसँग सम्बन्धित अन्य ब्यवस्थाः**(१)प्रचलित ऐन नियम, नेपाल सरकार तथा प्रदेश सरकारको निर्देशन एवं गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -१४
## सजाय र पुनरावेदन

८४. **सजायः**(१)उचित र पर्याप्त कारण भएमा गाउँपालिकाका कर्मचारीलाई देहाय बमोजिमको विभागिय सजाय गर्न सकिने छः

**(क) सामान्य सजायः**

(१) नसिहत दिने ।

(२) बढीमा दुई तलब बृद्धि रोक्का गर्ने ।

(३) बढीमा ५ वर्षसम्म बढुवा रोक्का गर्ने ।

**(ख) विशेष सजायः**

(१) भविष्यमा **गाउँपालिका**को सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा **गाउँपालिका**को सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने ।

८५. **नसिहत दिने वा तलब बृद्धि वा बढुवा रोक्का गर्नेः**(१)देहायको कुनै अवस्थामा गाउँपालिकाका कर्मचारीलाई नसिहत दिन वा तलब बृद्धि वा बढुवा रोक्का गर्न सकिनेछ ।

(क) काम सन्तोषजनक नभएमा,

(ख) सरुवा गरेको कार्यालय वा शाखामा म्याद भित्र हाजिर नभएमा,

(ग) पूर्व स्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा,

(घ) कार्यालयले तोकेको म्यादभित्र आफ्नो जिम्मामा रहेको नगद, जिन्सी, बरबुझारथ नगरेमा

(ङ) यो ऐन वा गाउँपालिकाको लागि बनेका ऐन नियममा उल्लेखित आचरण सम्बन्धित कुराहरु उलंघन गरेमा,

(च) १ वर्षमा ३ पटक चेतावनी पाएमा,

(छ) अनुशासनहिन काम गरेमा,

(ज) प्रचलित कानूनले तोकेको पदिय दायित्व जिम्मेवारीपुर्वक पूरा नगरेमा,

८६. **सेवाबाट हटाउने वा बरखास्त गर्नेः**(१) देहायको कुनै अवस्थामा गाउँपालिकाका कर्मचारीलाई सेवाबाट भविष्यमा गाउँपालिकाको सेवाको लागि अयोग्य नठहरिने गरी हटाउन सकिनेछ ।

(क) कर्मचारीको अयोग्यताको कारणले आफ्नो पदको काम र जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) आफ्नो पदको जिम्मेवारीको बारम्वार वेवास्ता गरेमा,

(घ) विदा स्वीकृत नगराई स्थायी कर्मचारी लगातार ९० दिन सम्म र अस्थायी तथा करारका कर्मचारी १५ दिन सम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(ङ) कार्यालय समयमा बारम्वार मादक पदार्थ सेवन गरेमा ।

(च) आचरण सम्बन्धी यस ऐनको व्यवस्था वारम्बार उल्लंघन गरेमा ।

(छ) बराबर अनुशासनहिन काम गरेमा ।

(२) देहायको कुनै अवस्थामा गाउँपालिकाका कर्मचारीलाई भविष्यमा नगर सेवाको निमित्त अयोग्य ठहरिने गरी वरखास्त गर्न सकिनेछः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा,

(ख) भष्ट्राचार गरेमा ।

८७. **सजाय दिने अधिकारीः**(१) अधिकृतस्तरको कर्मचारीलाई प्रमुखको सिफारिसमा कार्यपालिकाले सजाय दिन सक्नेछ ।

(२) सहायक स्तरको हकमा प्रमुख प्रशासकीय अधिकृतले सजाय गर्न सक्नेछ ।

८८. **निलम्बन गर्नेः**(१) गाउँपालिकामा कार्यरत कुनै कर्मचारीको सम्बन्धमा दफा ८५ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिने अधिकारीले निलमब्न गर्न सक्नेछ । तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन ।

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिदा सबुत प्रमाण गायव गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा गाउँपालिकाको नोक्सानी हुने सम्भावना देखिएमा,

(२) निलम्बन भएको कर्मचारीले निलम्बन अवधिभर खाइपाई आएको मासिक तलबको ५० प्रतिशत मात्र तलव पाउने छ । तर, निलम्बनमा रहेको कर्मचारीको अभियोग प्रमाणित हुन नसकी फुकुवा भएमा निलम्बनको अवधिको वाँकी तलब भत्ता (वार्षिक बृद्धि पाउने भएमा सो समेत) पाउने छ ।

(३) कर्मचारीलाई साधारणतया ६० दिन भन्दा बढी निलम्बन गरिने छैन सो अवधि भित्र कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्नेछ । उक्त अवधि बढाउनु परेमा कार्यपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ ।

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको कर्मचारी यसरी थुनामा रहेको अवधि भर स्वतः निलम्वन भएको मानिने छ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १७ बमोजिम कारवाहीमा रहेको कर्मचारी स्वतः निलम्बनमा रहेको मानिनेछ ।

८९. **सजायः** (१) सजाय दिने अधिकारीले कुनै कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारवाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई ७ दिनको लिखित सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्दछ । यस्तो सूचना दिँदा निज उपर लगाइएको आरोप स्पष्ट रुपमा किटिएको हुनु पर्नेछ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ । तर देहायको अवस्थामा कुनै कर्मचारीको नोकरी अन्त्य गर्नु पर्दा उपर्युक्त प्रक्रिया अपनाउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको कर्मचारीलाई हटाउनु पर्दा ।

(२) जाँचबुझको काम समाप्त भएपछि सजायको आदेश दिनु भन्दा पहिले सजाय दिने अधिकारीले कर्मचारीलाई जाँचबुझको नतिजा तथा निजलाई दिन लागेको सजायको सूचना दिइने छ र प्रस्तावित सजाय निजलाई किन नदिनु भनी उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रक्रिया अपनाउँदा कर्मचारीले दिएको ठेगाना पत्ता नलागेमा वा गाउँपालिकाले सम्पर्क गर्न नसकेमा यस्ता कर्मचारीलाई कुनै राष्ट्रिय स्तरको दैनिक पत्र पत्रिकामा उचित म्याद दिइ सूचना प्रकाशित गरिनेछ ।

९०. **पुनरावेदन सुन्ने अधिकारी र पुनरावेदनः**(१) विभागिय कारवाही अन्तर्गत संजाय भएमा चित्त नबुझ्ने कर्मचारीले ३५ दिन भित्र निम्न बमोजिम पुनरावेदन दिन सक्नेछ ।

(क) यस ऐन बमोजिम सजाय पाएका कर्मचारीले चित्त नबुझेमा कार्यपालिका समक्ष पुनरावेदन दिन सक्नेछ ।

(ख) पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ र त्यस्तो पुनरावेदन उचित र आदरसूचक भाषामा लेखिएको हुन पर्नेछ ।

(ग) पुनरावेदन गर्ने कर्मचारीले पुनरावेदनको साथमा आफ्नो सफाईको निमित्त जो भएको सवुत प्रमाण संलग्न राख्नुको साथै जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल समेत पेश गुर्न पर्नेछ ।

(घ) पुनरावेदन दिदाँ पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी निजको कार्यालयमा पुनरावेदन दर्ता गराउनु पर्नेछ ।

(ङ) पुनरावेदन दिदाँ सजायको आदेश दिने अधिकारीलाई समेत बोधार्थ दिनु पर्नेछ ।

९१. **पुनरावेदन सुन्ने अधिकारीले अपनाउनुपर्ने कार्यविधिः**

(१) कुनै कर्मचारीले आफु उपरको विभागीय सजायको आदेश विरुद्ध दिएको पुनरावेदन दफा ९० बमोजिमको रित नपुगेको भएमा पुनरावेदन सुन्ने अधिकारीले त्यस्तो पुनरावेदन लिन अस्वीकार गर्न सक्नेछ ।

(२) पुनरावेदन सुन्ने अधिकारीले देहायको कुराहरुमा विचार गर्नु पर्ने छः

(क) सजायको आदेशमा आधार लिएको कुराहरुको यथार्थता प्रमाणित भई सकेको छ वा छैन ।

(ख) प्रमाणित भइसकेका कुराहरु सजाय गर्नको निमित्त प्रर्याप्त छन् वा छैनन् ।

(ग) सजाय गरेको ठिक, पर्याप्त, अप्रर्याप्त वा वढी के छ ।

(३) उपदफा (२) बमोजिम विचार गरी सकेपछि पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदकलाई दिइएको सजाय सदर वा वदर गर्ने वा त्यस्तो सजायलाई घटाउने गरी अन्तिम आदेश दिन सक्नेछ ।

(४) पुनरावेदन परेको मितिले साधारणतया ३ महिना भित्र निर्णय गरिसक्नु पर्नेछ ।

९२. **पुनरावेदन खारेजीः**(१) कार्यपालिकाले पुनरावेदन खारेज गरेमा कारण सहित खारेज गरिएको सूचना सम्बन्धित कर्मचारीलाई लिखित रुपमानै दिनु पर्नेछ ।

९३. **तलब भत्ता र अन्य सुविधाको दावीः**(१) कर्मचारीलाई सेवाबाट हटाउने, वरखास्त गर्ने आदेश रद्द भई निजको सेवा पुनः कायमभएमा निजले कार्यालयमा उपस्थित नभएको अवधिको समेत तलब भत्ता दावी गर्न पाउने छ ।

९४. **क्षतिपूर्ति दिनेः**(१) कुनैपनि कर्मचारी गाउँपालिकाको कामको सिलसिलामा दुर्घटनामा परी अङ्गभङ्ग भएमा वा मृत्यु भएमा निजलाई वा निजको हकवाला वा नजिकको नातेदार हकवालालाई एकमुष्ट रु. ५ लाख क्षतिपूर्ति वापत दिइनेछ ।

(२) कुनैपनि पदमा कार्यरत कर्मचारी कार्यरत रहेको अवस्थामा मृत्यु भएमा रु १,५०,०००।०० एक लाख पचास हजार) निजलाई वा निजको नजिकको नातेदार हकवालालाई आर्थिक सहयोग वा क्रिया खर्च वापत दिइनेछ । उपदफा (१) बमोजिम क्षतिपूर्ति पाएको कर्मचारीको मृत्यु भएमा समेत निजको परिवारको सदस्य मध्ये सबैभन्दा नजिकको सदस्यलाई क्रिया खर्च वापतको रकम दिइनेछ ।

## परिच्छेद -१६
## विविध

९५. **सेवा समूह, उप समुह परिवर्तनः**(१) गाउँपालिकामा कार्यरत कर्मचारीको सेवा, समूह, उपसमूह परिवर्तन गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ ।

(२) गाउँपालिकाको सेवामा कार्यरत कर्मचारीले सेवा, समूह तथा उपसमूह परिवर्तन गर्दा जुन सेवा, समुह वा उपसमूहमा परिवर्तन गरीने हो सो पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने कार्यवाही प्रदेश लोकसेवा आयोगले गाउँपालिकाको सिफारिसमा एक आर्थिक वर्षमा एक पटक मात्र गर्नेछ ।

(४) सेवा, समुह वा उपसमूह परिवर्तन गर्न चाहने कर्मचारीको सेवा अवधि स्थायी नियुक्ति भएको मितिले न्युनतम ३ वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले कुनै खास विषयमा शैक्षिक योग्यता वा तालिम दिलाउने व्यवस्था गरेको भए यस ऐनको दफा ६५ मा तोकिएको अवधिसम्म अनिवार्य सेवा नगरी सेवा, समूह वा उपसमूह परिवर्तन गर्न पाइने छैन ।

(६) प्रदेश लोकसेवा आयोगले गाउँपालिकाको सिफारिसमा नबढाई सेवा, समूह वा उप समूह परिवर्तन गरिने पद संख्या किटान गरी विज्ञापन प्रकाशित गर्नेछ ।

(७) सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

९६. **चेतावनी दिन सक्नेः** (१) गाउँपालिकामा कार्यरत कुनै कर्मचारीले देहायको कुनैकाम गरेमा सुपरिवेक्षकले कारण खोली निजलाई चेतावनी दिन सक्नेछ । सो को अभिलेख निजको व्यक्तिगत विवरण फाइलमा राख्नु पर्नेछ ।

(क) समय पालन नगरेमा,

(ख) आफुभन्दा माथिको कर्मचारीले दिएको आदेश वा निर्देशन पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल काम नगरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरवाही ढिलासुस्ती गरेमा,

(ङ) सेवाग्राहीलाई शिष्ट मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा ।

९७. **कर्मचारीको सबै समय कार्यालयको अधिनमा हुनेः**(१) कर्मचारीको सबै समय गाउँपालिकाको अधिनमा हुनेछ र जुनसुकै समयमा पनि निजलाई काममा लगाउन सकिनेछ ।

(२) कर्मचारीले गाउँपालिकाले तोकेको समयमा कार्यालयमा हाजिर भई तोकिएको समय सम्म कार्यालयमा उपस्थित भई काम गर्नु पर्नेछ । तर तोकिएको समय भन्दा बढी समय काममा लगाउँदा तोकिए बमोजिमको भत्ता वा खर्च दिइनेछ ।

९८. **बरबुझारथ गर्नु पर्नेः**(१) सरुवा, बढुवा वा अवकाश पाउने कर्मचारीले नगरले तोकिए बमोजिम वरबुझारथ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बरबुझारथको काम साधारणतया जिन्सी र लेखामा काम गर्ने कर्मचारीले एक्काइस दिनमा र अरुले ७ दिनमा नबढाई गर्नु पर्नेछ ।

९९. **सपथ ग्रहण गर्नुपर्नेः**(१) गाउँपालिकाको सेवामा पहिलो पटक नियुक्त भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक कर्मचारीले तोकिए बमोजिम सपथ ग्रहण गर्नु पर्नेछ ।

१००. **कर्मचारीको शेषपछि सुविधा पाउने व्यक्तिः**(१)यस ऐन बमोजिम गाउँपालिकाबाट लिन पाउने कुनै रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो रकम लिनको लागि निजले ईच्छाएको व्यक्ति रहेछ भने सोही व्यक्तिले पाउने छ र त्यसरी कुनै व्यक्तिलाई इच्छाइएको रहेनछ भने निजको नातेदारका क्रमको प्रचलित ऐनमा तोकिए बमोजिमका नजिकका नातेदारले पाउनेछ ।

१०१. **कर्मचारीको वैयक्तिक विवरण राख्नेः**(१) गाउँपालिकाको प्रशासन शाखाले सम्पूर्ण कर्मचारीको वैयक्तिक विवरण तोकिएको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

१०२. **अधिकार प्रत्यायोजनः**(१)यस ऐन बमोजिम प्रमुख प्रशासकिय अधिकृत लगायत अधिकार प्राप्त ब्यक्तिले आफूलाई प्राप्त सबै वा कुनै अधिकार मातहतको कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१०३. **स्थानीय तह कर्मचारीको ट्रेड यूनियनः** (१) स्थानीय सेवाका कर्मचारीले यस ऐनको अधिनमा रहि ट्रेड यूनियन गठन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम ट्रेड यूनियन गठन गर्दा पेशागत हकहितको लागि राष्ट्रिय स्तरको स्थानीय तह कर्मचारीको ट्रेड यूनियन गठन गरि सदस्यता लिन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम गठित ट्रेड यूनियन दर्ता श्रम तथा रोजगार प्रबर्द्धन विभागमा हुनेछ ।

(४) ट्रेड यूनियन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०४. **यस ऐन बमोजिम हुनेः** (१) यस ऐनमा व्यवस्था गरिएका कुरा यसै ऐन बमोजिम हुनेछ ।

१०५. **भईसकेको काम कारवाहीमा प्रतिकुल असर नपर्नेः**(१)यो ऐन प्रारम्भ हुनु अघि गरिएका काम कारवाही तथा नियुक्तीहरुमा यस ऐनले प्रतिकुल असर पुर्याएको मानिने छैन ।

१०६. **विभेद गर्न नहुनेः**(१)यस ऐन बमोजिम नियुक्त कुनै कर्मचारी माथि जाती, धर्म, भाषा, लिङ्गका आधारमा विभेद गर्न तथा परिश्रमिक तथा सेवा सूविधा उपभोग गर्न विभेद गर्न पाईने छैन ।

१०७. **नियमावली बनाउन सक्नेः**(१)यो ऐन कार्यान्वयनकालागि नगर कार्यपालिकाले आवश्यक नियमावली तथा कार्यविधिहरु बनाई लागू गर्न सक्नेछ ।

**१०८. बाधा अडकाउ फुकाउनेः**(१)यस ऐनको कार्यान्वयनवाट गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सुविधामा कुनै प्रकारको कटौती गरिने छैन । ऐन कार्यान्वयनका क्रममा गाउँ कार्यपालिकाद्वारा निर्णय गरि वाधा अडकाउ फुकाउन सक्नेछ ।

**१०९. संशोधन गर्न सकिनेः (**१)यो ऐनमा आवश्यक संशोधन तथा थपघट गर्ने अधिकार नगर सभामा निहित हुनेछ ।

**११०. खारेजी र बचाँउः**(१)गाउँपालिकाका कर्मचारी सेवा शर्त सम्बन्धमा यस अघि भएका सबै व्यवस्था खारेज हुनेछन् । तर यस अघि गाउँपालिकाबाट कर्मचारी सेवा सर्त सुविधा सम्बन्धमा भए गरेका सम्पुर्ण काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**१११. संक्रमण कालिन विशेष व्यवस्थाः**(१)यस ऐनमा विभिन्न दफा, उपदफा खण्ड, प्रकरणहरुमा “प्रदेश लोक सेवा आयोग” उल्लेख भएकोमा संघीय वा प्रदेश कानुन बमोजिम प्रदेश लोक सेवा आयोगले कार्य प्रारम्भ नगरेसम्म प्रदेश लोक सेवा आयोगले गर्ने भनिएका काम, कर्तव्य र अधिकार प्रयोग गर्न गाउँ कार्यपालिकाले कार्यविधि बनाई लागू गर्नेछ ।

सन्दर्भ सामाग्रीहरु


१. नेपालको संविधान २०७२

२. स्थानीय सरकार संचालन ऐन २०७४

३. श्रम ऐन २०७४ र श्रम नियमावली २०७५

४. सामाजिक सूरक्षा ऐन २०७४

५. तत्कालिन स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावलि २०५६ संशोधन समेत

६. निजामती सेवा नियमावली २०५०

७. सम्माननीय सर्वोच्च अदालतले विभिन्न समयमा गरेका फैसलाहरु मिसिल नं. ०६९(ध्क्(००६४, ०७१(ऋक्ष्(००५, ०७४(ध्ऋ(००४, ०७४(ध्ऋ(०५६५, सर्बोच्च अदालतको को निर्णयः ९२१(२०७१), ९०५८(२०७०), ९०५०(२०७०)